# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
# आ.व. २०७८/०७९

बैठक नम्वर : १०० औं बैठक मिति : २०७८/०५/०८

बैठक स्थान : गाउँपालिकाको सभा हल

आज मिति २०७८/०५/०८ गते यस पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाका का.वा. अध्यक्ष श्री सुनिता अधिकारी ज्यू को अध्यक्षतामा १०० औ कार्यपालिकाको बैठक वसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो

**उपस्थिति :**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सुनिता अधिकारी | उपाध्यक्ष | |
| २. | श्री सुर्यमान दोङ | सदस्य | |
| ३. | श्री पासाङ लामा | सदस्य | |
| ४. | श्री ङिमा छिरिङ तामाङ | सदस्य | |
| ५. | श्री राम वहादुर तामाङ्ग | सदस्य | |
| ६. | श्री काले गोले | सदस्य | |
| ७. | श्री सूर्य वहादुर अधिकारी | सदस्य(का.बा. अध्यक्ष ) | |
| ८. | श्री सार्की तामाङ्ग | सदस्य | |
| ९. | श्री बिष्णु बहादुर खड्का | सदस्य | |
| १०. | श्री गीता धिताल | सदस्य | |
| ११. | श्री गंगा श्रेष्ठ | सदस्य | |
| १२. | श्री कमला थापा | सदस्य | |
| १३. | श्री मीना कुमारी तामाङ्ग | सदस्य | |
| १४. | श्री टासी शेर्पा | सदस्य | |
| १५. | श्री वुद्ध कुमारी वि.क. | सदस्य | |
| १२. | श्री दिनेश कुमार पोखरेल | सचिब | |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
# आ.व. २०७८/०७९

बैठक नम्वर : १०० औं | बैठक मिति : २०७८/०५/०८

बैठक स्थान : गाउँपालिकाको सभा हल

## प्रस्तावहरु एवं निर्णयहरु :

| सि.नं. | प्रस्तावहरु : | निर्णयहरु : |
|---|---|---|
| १. | निर्णय कार्यान्वनको समीक्षा | ➢ मिति २०७८/०३/३१ गतेको बसेको कार्यापालिकाको ९९ औ बैठकको समीक्षा गरियो र त्यसको कार्यान्वयनको अवस्था राम्रो पाईयो । |
| २. | अनुगमन समिति गठन सम्वन्धमा | ➢ यस चालु आ.व.२०७८/०७९ मा सन्चालन हुने योजनाको अनुगमन को लागि देहाय बमोजिमका सदस्यहरु रहेने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।<br><br>१) संयोजक , उपाध्यक्ष<br>२) सदस्य , प्रमुख प्रशासकीय अधिकृत<br>३) सदस्य , सूर्यमान दोङ्ग<br>४) सदस्य , गीता धिताल<br>५) सदस्य सचिव , राम प्रसाद न्यौपाने<br>आमन्त्रीत सदस्यको रुमपा रहने र अनुगमन समितिलाई आवश्यक सहयोग गर्ने गरी एक जना सव ईन्जिनियर राख्ने निर्णय गरियो । |
| ३. | योजना कार्यान्वयन सम्वन्धमा | ➢ यस चालु आ.व. मा सन्चालन हुने योजनाको कार्यान्वयनको लागि २०७८ साल भाद्र २५ गते सम्म उपभोक्ता समिति गठन , भाद्र ३० गते सम्म योजना संभ्कौता र आश्विन २० गते सम्म योजना संभ्कौता र उपभोक्ता समितिको अभिमुखीकरण गरि सक्ने गरी कार्यतालिका निर्माण गरी सवै वडालाई जानकारी गराउने र समिति गठन गर्दा वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्यको रोहबारमा गर्ने निर्णय गरियो । |
| ४. | विद्यालय सन्चालन सम्वन्धमा | ➢ कोभिड १९ को कारणले लामो समय देखि विद्यालय वन्द रहकोमा अव उप्रान्त स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर विद्यालय खोलि सन्चालन गर्ने विषयमा शिक्षा समितिको निर्णय , वि.व्य.स. र अभिभावक भेला समेत गराई उपयुक्त किसिमले विद्यालय सन्चालन गर्ने निर्णय गरियो । |
| ५. | नदी जन्य कटान रोकथाम तथा व्यवस्थान सम्वन्धमा | ➢ यस पालिका भित्र पर्ने ईन्दावती नदीले अधिक मात्रामा वगाई ल्याएको गिटी वालुवाले नदीको सतह वढ्न गई छेउछाउको जमिन , बाटो समेत कटान गरेकोले विपद व्यवस्थापन समितिको सिफारीस समेतको आधारमा तत्काल प्राविधिक नापजाँच गराई उचित किसिमले नदी किनाराको गिटी वालुवा निकाली हाललाई डम्पीङ्ग गरी राख्ने निर्णय गरियो । साथै सो कार्यको लागि IEE पनि गराउने निर्णय गरियो । |
| ६. | मुख्य सडक | ➢ मेलम्ची तिपेनी भोताङ्ग मोटरबाटोको खाल्डे र तिपेनीमा पहिरो |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
# आ.व. २०७८/०७९

बैठक नम्वर : १०० औं बैठक मिति : २०७८/०५/०८

बैठक स्थान : गाउँपालिकाको सभा हल

| | | |
|---|---|---|
| | सन्चालन गर्ने सम्वन्धमा | गई बाटो अवरुद्ध भएकोमा मिति २०७८/०५/१२ गते खाल्डेमा सवै वडाका वडा अध्यक्ष , सवै राजनीतिक दलका स्थानीय प्रमुख वा प्रतिनिधि , सम्वन्धित जग्गा धनी , सुरक्षा निकाय र पालिकाबाट उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत लगायतको टोलीले स्थलगत रुपमा अध्ययन गरी सवै पक्षहरुसँगको छलफलबाट बाटो सुचारु गर्न आवश्यक पहल गर्ने निर्णय गरियो । |
| ७. | तिपेनी अस्पतालमा OPD सेवा सन्चालन सम्वन्धमा | ➢ तिपेनी अस्पतालमा OPD सेवा सन्चालन गर्न आवश्यक पर्ने आधारभूत सामाग्रीहरुको व्यवस्थापन गरी अर्को व्यवस्था नभए सम्म अस्पताल सन्चालन तथा व्यवस्थापनको लागि तदर्थ समिति समेत गठन गरी OPD सेवा सन्चालन गर्ने निर्णय गरियो । |
| ८. | भ्याक्सिन लगाउने सम्वन्धमा | ➢ कोभिड १९ विरुद्धको खोप लगाउने सम्वन्धमा हालै प्राप्त भएको खोप लगाउने कार्यक्रमलाई प्रभावकारी रुपमा अघि वढाउन प्रत्येक वडाले खोप कार्यक्रमा अधिक भन्दा अधिक सरोकारवालाको उपस्थित गराउन आवश्यक पहल गराउने निर्णय गरियो । |
| ९. | टेन्डर लगाउने योजनाको जानकारी सम्वन्धमा | ➢ यस आ.व.मा पालिकाले ठेक्का लगाउन पर्ने योजनाहरुको विषयमा ठेक्का लगाउनु पूर्व यस बैठकमा उपस्थित सवैलाई आवश्यक जानकारी गराई यो । |
| १०. | ठेक्का लागेका योजनाको म्याद थप सम्वन्धमा | ➢ गत आ.व.मा ठेक्का लागेको तर कोभिढ १९ र मिति २०७८/०३/०१ गतेको भीषण वाडी पहिरोको कारण यातायात लगायत विविध किसिमका समस्याहरु सृजना भएकोले सयम मै सम्पन्न हुन नसकेको तपसिल बमोजिमको योजनाहरुको म्याद २०७८ पौस मसान्त सम्म थप गर्ने निर्णय गरियो । |
| ११. | घर भाडा सम्वन्धमा | ➢ यस पालिकाले अध्यक्ष ज्यू र कार्यालय प्रयोजनको लागि लिएको वाहेक अन्य सवै घर भाडा यस आ.व.को श्रावण १ गते देखि नै थप नगर्ने निर्णय गरियो साथै पाँचपोखरी संरक्षण क्षेत्र विकास समितिको कार्यालयको भाडा बापत भुक्तानी दिएको रकमको चेक गत आ.व. मा समितिको नाम फरक परी भुक्तानी हुन नसकेकोले सो चेकको भुक्तानी हुन बाँकी रकम भुक्तानी दिने निर्णय गरयो । |
| १२. | समितिमा सदस्य थप गर्ने र अन्य सेवा सुविधा सम्वन्धमा | ➢ मिति २०७८/३/३१ गते गठन भएको यस पालिकाको ४ वर्षे प्रगति प्रतिबेदन तयारी समितिको सदस्यमा सूचना प्रविधि अधिकृत नारायण क्षेत्रीको सट्टा कम्प्युटर अपरेटर रीता पराजुलीलाई मनोनयन गर्ने निर्णय गरियो ।<br>➢ यस समितिका संयोजक श्री माधव प्रसाद पाण्डेलाई पराशर्म सेवाबाट मासिक रु.६५,०००।- ( पैसठ्ठी हजार ) पारिश्रमिक दिने , तथा संयोजक लगायत अन्य सवै सदस्यलाई फिल्ड |

# पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको बैठकको निर्णय पुस्तिका
## आ.व. २०७८/०७९

बैठक नम्वर : १०० औं　　　　बैठक मिति : २०७८/०५/०८

बैठक स्थान : गाउँपालिकाको सभा हल

| | | |
|---|---|---|
| | | जाँदाको भ्रमण भत्ता र वैठक वस्ताको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो । ➢ समितिले फिल्ड जाँदा वा वडामा सन्चालन गरेको कार्यक्रम र बैठक सन्चालन गर्दा भएको खाना खाजाको खर्च कार्यालयले व्यहोर्ने निर्णय गरियो । |
| १३. | स्थानीय दर रेट सम्वन्धमा | ➢ आ.व. २०७८/ ०७९ को लागि यस पालिकाले तयार गरेको स्थानीय दररेटमाथि छलफल गरी पारित गर्ने निर्णय गरियो । |
| १४. | ईन्द्रावतीको जोखिम न्यूनीकरण सम्वन्धमा | ➢ ईन्द्रावती नदीमा आएको मिति २०७८/०३/०१ को वाढीले वगाई ल्याएको बालुवा , माटो र लेदो जन्य पदार्थ समेत ले नदीको उचाई क्रमशः वढ्दै गएको र तटीय क्षेत्रमा रहको सार्वजनिक तथा भौतिक संरचना , वस्ती , खेतीयोग्य जमिन , मुल बाटो लगायतका संरचनामा क्रमशः नोक्सान पुऱ्याउदै लगेकोले सम्वन्धित निकायमा जानकारी गराई उक्त नदीको माथि उल्लेखित वस्तुहरुको उचित व्यवस्थापन गर्ने निर्णय गरियो । |
| १५ | सहयोग सम्वन्धमा | ➢ कोरोनाबाट मृत्यु भएका नागरिकलाई रु. तीस हजार र यस रोगको कारण आई.सि.यु.मा उपचार गराएको नागरिकलाई आवश्यक कागजातको आधारमा रु. वीस हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो । |
| १६. | सुरक्षा गार्ड (पाले )को तलव सम्वन्धमा | ➢ यस पालिकामा पाले ( सुरक्षा गार्ड ) लाई निजको नियमित कार्य बाहेक कार्यालयको अन्य विविध काम पनि लगाउने गरिएकोले चालु आ.व.देखि निजको तलब भत्ता कार्यालय सहयोगी ( श्रेणी विहिन , प्रथम ) सरहको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो । |